## पुर्चौडी नगर कार्यपालिकाको ८६ औं बैठकको उपस्थिती

आज मिति २०८२ साल असार ०८ गते आइतबारका दिन यस पुर्चौडी नगरपालिकाका आदरणिय नगर प्रमुख श्री दिपक बहादुर बम ज्युको अध्यक्षतामा नगरकार्यपालिकाको ८६ औं बैठक बसी तपशिलमा उल्लेखित नगरकार्यपालिकाका सदस्यज्युहरुको समुपस्थितिमा तपशिलका प्रस्तावहरु उपर छलफल गति निम्नबमोजिमका निर्णयहरु पारित गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री दीपकबहादुर बम | नगर प्रमुख | पु.न.पा.-१ | ९८५८४२३५०५ | |
| २. | श्रीमति मिना धानुक | नगर उप-प्रमुख | पु.न.पा.-१ | ९८५८४९०१४४ | |
| ३. | श्री गणेश बहादुर गडाल | वडा अध्यक्ष | पु.न.पा.-१ | ९८६८७७९१५५ | |
| ४. | श्री चक बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-२ | ९८६४६५४०८६ | |
| ५. | श्री खगेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा.-३ | ९८६८७७४२३१ | |
| ६. | श्री दिल बहादुर धानुक | वडा अध्यक्ष | पु.न.पा.-४ | ९८४८५३३४८३ | |
| ७. | श्री नागी सिंह खडायत | वडा अध्यक्ष | पु.न.पा.-५ | ९८६३०९८४४० | |
| ८. | श्री नरेन्द्र बहादुर साउद | वडा अध्यक्ष | पु.न.पा.-६ | ९८४८९९६५४६ | |
| ९. | श्री धिरेन्द्र बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-७ | ९८४८९०१९८१ | |
| १०. | श्री बिर बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा.-८ | ९८४८७८७२१४ | |
| ११. | श्री रम्बाबोहरा | वडा अध्यक्ष | पु.न.पा.-९ | ९८६८५९३८९६ | |
| १२. | श्री हिक्मत बहादुर बिष्ट | वडा अध्यक्ष | पु.न.पा.-१० | ९८६८४९४७५३ | |
| १३. | श्री ऐते लुहार | दलित सदस्य | पु.न.पा -३ | ९७४२९१५०१२ | |
| १४ | श्री अस्मितापार्की | दलित सदस्य | पु.न.पा -५ | ९८६८३०६०६२ | |
| ५ | श्री बागमति चुनारा (लुहार) | दलित सदस्य | पु.न.पा -४ | ९८६५८८६५७३ | |
| ६ | श्री मानमति चन्द (बम) | महिला सदस्य | पु.न.पा -८ | ९८६८५९२३४६ | |
| ७ | श्री प्रमिला साउद | महिला सदस्य | पु.न.पा -६ | ९७४५५८४३११ | |
| ८ | श्री लक्ष्मी बिष्ट | महिला सदस्य | पु.न.पा -१० | ९८६५६४५७२२ | |
| ९ | श्री धानाकुमारी महरा (ऐर) | महिला सदस्य | पु.न.पा -७ | ९८६५६७९९१४ | |
| २० | श्री थेपडी धामी | महिला सदस्य | पु.न.पा -१ | ९८६९५०५८९२ | |
| २१. | श्री जगदिश प्रसाद जोशी | सदस्य सचिव | दोगडाकेदार गा.पा ३ | ९८४८८४१७४५ | |
| २२ | श्री कर्ण बः धानुक | का.वा.अ. | पु.न.पा.२ | 9742401773 | |
| २३ | श्री ठगी साउद | का.वा.अ. | पु.न.पा.६ | | |
| २४ | | | | | |

CamScanner

८६ औँ नगरकार्यपालिकामा पेश गरिएका प्रस्तावहरु

प्रस्ताव नं.१.शोक प्रस्ताव पारीत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.२. खेती विद्यालयको लागि १० प्रतिशत रकम विनियोजन गरिनेछ।

प्रस्ताव नं.३ नमूना विद्यालय शैक्षिक सुधार प्रस्ताव कार्यान्वयन गर्ने सम्वन्धमा।

प्रस्ताव नं.४. नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने सम्वन्धमा।

प्रस्ताव नं.५. नगर प्रमुखको मित्र राष्ट्र भारतको अन्तरदेशीय भ्रमण स्वीकृतिका लागि सिफारिस गर्ने सम्वन्धमा।

प्रस्ताव नं.६ खानेपानी स्वच्छता कार्यक्रमको भुक्तानी सम्वन्धमा।

प्रस्ताव नं.७. नगरसभाको बैठक बस्ने सम्वन्धमा ।

प्रमाणित

**८६ औँ नगरकार्यपालिकामा पेश गरिएका प्रस्तावहरु उपर गरिएका निर्णयहरु**

निर्णय नं.१:- प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा यस नगरकार्यपालिकाका सदस्य श्री ऐते लुहारको युवा अवस्थामानै अकल्पनिय निधनप्रति शोक मनाउने र निजको श्वर्गीय आत्माको बैकुण्ड बासको कामना गर्ने निर्णय सर्वसम्मत्तिले पारीत गरियो।

निर्णय नं.२:- प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ मा रहेको खेती माध्यमिक विद्यालयमा भवन अभाव भएको व्यहोरा छ। उक्त विद्यालयको भवन निर्माणका लागि आवश्यक पर्ने विद्यालय भवनको DPR तयार गर्ने कार्य सम्पन्न भएको हुँदा भारतिय दुतावासमा बजेट मागका लागि प्रस्ताव पेश गर्न निर्धारण गरिएको मापदण्ड अनुसार १०(दश) प्रतिशत रकम पुर्चौडी नगरपालिकाले व्यहोर्नुपर्ने प्रावधान अनुरुप यस नगरपालिकाले भवन निर्माणका लागि DPR बमोजिम लाग्ने कुल लागतको १०(दश) प्रतिशत रकम नगरपालिकाले विनियोजन गर्ने गरी भारतिय राजदुताबासमा वित्तीय सहयोग माग गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो।

निर्णय नं.३:- प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा यस नगरपालिका वडा नं.१ अन्तर्गत हाँटमा रहेको डिलेश्वरी नमुना विद्यालयमा संघीय सरकारद्धारा सशर्त अनुदान शिर्षकमा प्राप्त अनुदान **शैक्षिक गुणस्तर सुधारका सुदृढिकरण एमम् कार्यसम्पादनमा आधारीत प्रोत्शाहन अनुदान** (२२५२२) सशर्त अनुदान चालु- नगद अनुदान बजेट :रु.३००००००।०० (अक्षेरुपी तीस लाख मात्र) बजेट रहेको छ। सम्वन्धीत विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम प्रस्ताव सहित माग भइ आएका तपसिल बमोजिमका कार्यक्रमहरुमध्ये स्मार्ट बोर्ड, फोटोकपी मेसिन, ल्यापटप खरिद २००००००।००(अक्षेरुपी बिस लाख मात्र) विद्यालय सँग प्राविधिक जनशक्ति नभएको र आर्थिक वर्षको अन्तमा कार्यक्रम कार्यान्वयन गर्न प्राविधिक चुनौति रहेको हुँदा यस नगरपालिकाबाट आर्थिक वर्षको अन्तमा कार्यान्वयनमा रहेका चुनौति समेतलाई मध्यनजर गरी दुर्गम भागमा रहेको विद्यालयमा कार्यक्रम कार्यान्वयन नगरी रकम फ्रिज जान

नदिनको लागि सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान बमोजिम विद्यालयले माग गरेका समानहरु मौजुदा सूचिबाट खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारीत गरियो।

तपसिलः

१. स्मार्ट बोर्ड फोटोकपी र ल्यापटप खरिद-२००००००|००

२. चौकीदार तलब भत्ता-२,८६,०००|००

३. प्रधानाध्यापक सेवा सुविधा-१,५०,०००|००

४. बार्षिक उत्सव अभिभावक दिवस-१,५०,०००|००

५. आन्तरिक लेखापरिक्षण- १,५०,०००|००

६. कार्यालय सञ्चालन व्यवस्थापन क्षमता विकास-२,६४,०००|००

निर्णय नं.४:- प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष२०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमाथि आवश्यक छलफल तथा सुझाव संकलन गरी स्वीकृतिका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाका नगरप्रमुख श्री दिपक बहादुर बम ज्यू लाई नेपालस्थित भारती राजदूतावासको भारतको हैदरावादमा १४ जुलाई देखि २३ जुलाई सम्म हुने तालिम कार्यक्रममा सहभागिताका लागि निमन्त्रणा प्राप्त भएको हुँदा नगरप्रमुख श्री दिपक बहादुर बम ज्यू लाई उक्त कार्यक्रममा सहभागि हुनको लागि स्थानीय तहका पदाधिकारी/ कर्मचारीको बिदेश भ्रमण सम्वन्धी निर्देशिका,२०७५ बमोजिम अन्तरदेशीय भ्रमण स्वीकृतिका लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो।

निर्णय नं. ६ प्रस्ताव नं.६ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा UNICEF को साझेदारीमा यस नगरपालिकामा प्राप्त भएको खानेपानि निर्माण सम्वन्धी बजेट यस नगरपालिकाको वडा नं.९ मा रहेको डिलाशैनी आ.वि.

CamScanner

खानेपानी तथा सरसफाई योजना पु न पा ९ तल्लादेही उपभोक्ता समिति मार्फत गरिएको निर्माण खरिदका लागि गरिएको प्राविधिक परामर्श सेवा वाफत र स्वच्छ खानेपानी तथा सरसफाईका लागि गरिएको कार्यक्रम बाफतको रकम भुक्तानीका लागि त्रीवेणी स्वस्थ वातवरण समुहलाई नगरपालिकाबाट सार्वजनिक खरिद ऐन,२०६४ को नियम ८४(क) बमोजिम गरिएको परामर्श सेवा खरिद बाफतको ४,६१,०००।००( अक्षेरुपी चार लाख एक सट्टि हजार मात्र) भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारीत गरियो।

निर्णय नं.६:- प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा मितिः२०८२/०३/१० गते बिहान ११:०० बजे यस नगरपालिकाको सत्रौं नगरसभा बस्ने निर्णय सर्वसम्मतिले पारीत गरियो।